**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 25.04.2025**

---

**Officials Visited Bop**

मंगनका जिल्लाधीश अनन्त जैनले पुलिस अधीक्षक सोनाम दिछु भोटियासहित अन्य अधिकारीको साथमा चुङथाङ-लाचुङबीच बोपमा पुगेर पहिरोका कारण अवरूद्ध सड़क मार्गको अवस्थाको जायजा लिनुभयो।

जिल्लाधीशले GREF-का अधिकारीलाई अवरूद्ध सड़क मार्ग सफा गर्ने कार्य शुरू गर्ने निर्देश दिनुभयो। यसअतिरिक्त उहाँले चुङथाङका महकुमा अधिकारीलाई स्थानीय निर्माण कम्पनीहरूसित समन्वय राखेर सड़क सम्पर्क पुनर्बहाल कार्यलाई गति दिन उपलब्ध मसिनरीको प्रयोग गर्ने आदेश दिनुभयो।

यसैक्रममा, लाचेन र लाचुङमा थुनिएका पर्यटकहरूलाई सम्बन्धित होटलमा रहने सल्लाह दिइएको छ भने होटल प्रतिष्ठानहरूले उनीहरूको रहने र खानपिनको पर्याप्त व्यवस्था मिलाउने सुनिश्चित गरेको छ। यद्यपि, अहिलेसम्मको रिपोर्टअनुसार कुनै चिकित्सा आपातकालको समाचार छैन।

विद्युत विभागलाई चुङथाङ, लाचेन र लाचुङमा विद्युत आपूर्ति पुनर्बहाललाई प्राथमिकता र गति दिनु भनिएको छ।

अर्कातिर, केही दिनअघि आएको भारी वर्षाका कारण मार्ग अवरूद्ध भएपछि मंगन जिल्लाको चुङथाङमा थुनिएका पर्यटकहरूलाई आज बिहान साङकलाङमा नवनिर्मित बेली पुलको माध्यमबाट सुरक्षित साथ वापस फर्काइयो। हालको डेटाअनुसार लगभग दुई सयवटा वाहनहरू यस पुलबाट भएर मंगन हुँदै गान्तोक फर्किए। भारतीय सेनाको त्रिशक्ति कोरद्वारा निर्मित बेली पुलको उदघाटन हिजोमात्र गरिएको हो।

-------------------------------------X--------------------------------

**Sikkim Landslide**

यसैबीच, मंगन जिल्ला प्रशासनले लाचेन चुङथाङ सड़क मार्गको मुनशीथाङ र लाचुङ चुङथाङ सड़क मार्गमा भारी पहिरोलाई ध्यानमा राखेदै आज यस जिल्लातर्फ जानका लागि परमिट जारी गरिएन। अघिबाटै जारी गरिएका सबै परमिट तत्काल प्रभावका साथ रद्द गरियो। टूर सञ्चालकहरूसित यात्रीहरूलाई यसको जानकारी दिने अनुरोध गरिएको छ। आकाशवाणीसितको कुराकानीमा मंगनका जिलाधीश अनन्त जैनले यस सम्बन्धमा जानकारी दिनुभयो। उहाँले भन्नुभयो,........

-------------------------------------X---------------------------------------

**Meeting on Monsoon Preparedness**

पाकिमका जिल्लाधीश एवं जिल्ला आपदा प्रबन्धन निकाय अध्यक्ष रोहन अग्वानेले मानसुन पूर्व तयारी बैठकको अध्यक्षता गर्नुभयो। पाकिम जिल्ला आपदा प्रबन्धन निकायले ग्रामीण विकास विभाग सामुदायिक परिसरमा आज डाकेको बैठकमा विभिन्न विभागका प्रमुख अधिकारीहरू उपस्थित रहे।

बैठकको प्राथमिक उद्देश्य आगामी मानसुनलाई लिएर जिल्लामा विशेषगरी पूर्वाधार, संसाधनको उपलब्धता र आपदा प्रतिक्रियाबारे विभिन्न निकायबीच समन्वयको मूल्यांकन र सुदृढीकरण गर्नु थियो।
जिल्लाधीश श्री अग्वानेले नाली सफाई, मैला हटाउने कार्य, सड़क मिलाउने आदि जस्ता विषयमाथि सम्बोधन गर्दै NHIDCL, सड़क एवं पुल विभाग, PMGSY र GREF-का प्रतिनिधिहरूसित सड़को अवस्थाबारे समीक्षा गर्नुभयो। उहाँले मसिनको उपलब्धता र

परिचालन, चिन्हित जोखिम क्षेत्र साथै चालु परियोजनाको प्रगतिको जानकारी माग्नुभयो। जिल्लाधीशले खाद्य एवं नागरिक आपूर्तिसहित अन्य सम्बन्धित विभागसित कुराकानी गर्दै मानसुनको समयमा हुनुपर्ने तयारीबारे चर्चा गर्नुभयो।

श्री अग्वानेले बैठक अवधि NHIDCL, सड़क एवं पुल विभाग, PMGSY, GREF, विद्युत, PHE र वन विभागलाई उपलब्ध उपकरणको सूचि बुझाउन र जोखिम स्थलहरूको सूचनासितै आवश्यकअनुसार वैकल्पिक प्रबन्धनबारे जानकारी दिने निर्देश दिनुभयो।

---------------------------------------X---------------------------------------

**Governor**

राज्यपाल ओम प्रकाश माथुरले भन्नुभएको छ, सिक्किमवासीहरूले जैविक कृषि, स्वच्छता, आतिथ्य जस्ता राज्यको चिन्हारीलाई यथावत राखेर विकासको दिशातर्फ अघि बढ्नुपर्छ। राज्यपालले मानिसहरूलाई राज्य स्थापनाको पचास वर्षलाई जोश, उत्साह र उत्सवको रूपमा मनाउने परामर्श दिनुभएको छ।

श्री माथुरसित लिइएको अन्तरवार्ता आकाशवाणी गान्तोकबाट आज राती आठ बजेर तीस मिनटमा सुन्न सकिनेछ।

---------------------------------------X---------------------------------------

**Comprehensive Drive on Drug**

युवाहरूको भविष्य रक्षा र नागरिक सुरक्षा कायम राख्न पाकिम जिल्ला पुलिसले यस क्षेत्रमा बढ्दो नशालुपदार्थको दुरूपयोग र तस्करीको खतरासित लड्न व्यापक तथा सुधारात्मक अभियान शुरू गरेको छ। यो अभियान यसै वर्षको बीस मार्चदेखि शुरू गरिएको हो। अभियानको एक भागको रूपमा पुलिसले संवेदनशील स्थानहरूमा लक्षीत छापा र गस्तीलाई व्यापक बनाएको छ। यसैक्रममा सम्बन्धित निकायले नसाखोरीहरूलाई पक्राउ गर्नका साथै नशालु पदार्थ जफ्त पनि गरिरहेछ।

यस सम्बन्धमा बोल्दै स्टेसन हाउस अधिकारी तथा पुलिस निरीक्षक प्रदिप छेत्रीले खतरालाई रोक्न कार्यान्वयन मात्र पर्याप्त नहुने बताउनुभयो।

---------------------------------------X---------------------------------------

**WAVES**

केन्द्र सरकारद्वारा एउटा महत्त्वपूर्ण वैश्विक कार्यक्रम WAVES आउँदो महिना पिहलो तारीकदेखि मुम्बईमा आयोजित हुने कार्यक्रम चार तारिकसम्म चल्नेछ। यसबारे गान्तोकमा आज पत्रकारहरूलाई जानकारी दिँदै आकाशवाणी सम्वाददाता मानस प्रतीम शर्मा र सूचना एवं जनसम्पर्क विभागकी जिल्ला सूचना अधिकारी सरोजिनी सुब्बाले भन्नुभयो, यसमा सिक्किमबाट तामाङ सेलो लोक नृत्य प्रस्तुत गरिनेछ।

---------------------------------------X---------------------------------------

**Interaction Programme**

नाम्ची जिल्लाको कृषि विज्ञान केन्द्रमा दुई दिवसीय कृषक-वैज्ञानिक अन्तरक्रिया कार्यक्रम तथा पञ्चवर्षीय समीक्षा टोलीको बैठक आजबाट शुरू भयो। ICAR नयाँ दिल्लीका महानिदेशकद्वारा गठित टोलीको बैठक ICAR-राष्ट्रीय एकीकृत कीट प्रबन्धन अनुसन्धान संस्थान, नयाँ दिल्लीको अनुसन्धान प्रगति र उपलब्धीको समीक्षा गर्न डाकिएको हो।

---------------------------------------X---------------------------------------